# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, वैशाख २८ गते २०४७ साल (अतिरिक्ताङ्क ७


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०४६ चैत्र २४ गतेको शाही घोषणामा एक संविधान सुधार सुझाव आयोग गठन गरिबक्सने कुरा हुकुम बक्से बमोजिम नेपाल र नेपालीहरूको वृहत् हित र कल्याणलाई ध्यानमा राखी संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रको सुदृढीकरणको लागि आवश्यक र उपयुक्त संवैधानिक सुझाव पेश गर्ने गरी मौसूफबाट सर्वोच्च अदालतका न्यायाधीश श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा देहायबमोजिमको संविधान सुझाव आयोग गठन गरिबक्सेको छ ।

साथै यस आयोगले उक्त शाही घोषणा र २०४६ चैत्र २६ गतेको विज्ञप्ति अनुसार आवश्यक सम्पर्क कायम गरी ३ महिनाभित्र संविधानको सुझाव मसौदा तयार गर्नेछ । आयोगले आफ्नो कार्यविधि आफैले नियमित गर्नेछ ।

गठनविधि

१. श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत — अध्यक्ष
२. श्री रमानन्दप्रसाद सिंह — सदस्य
३. श्री होराप्रसाद जोशी — सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्रीमती कमल राणा — सदस्य
५. श्री दमन ढुंगाना — सदस्य
६. श्री भरतमोहन अधिकारी — सदस्य
७. श्री सूर्यनाथ उपाध्याय — सदस्य-सचिव

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

५८



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।